# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल


पत्र संख्या: २०८०/०८१

चलानी नं.: १८५६

मिति: २०८०।१०।०९

विषयः निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौं ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।

श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।

श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।

श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।

श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।

बनेपा नगरपालिका ।

श्री ... ... .... ... ...शाखा

बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० साल पौष २८ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ

श्री सूचना प्रविधि अधिकृत

बनेपा नगरपालिका । – *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

भोला प्रसाद चापागाईं

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : ३५

आज मिति २०८० साल पौष २८ गते शनिबार दिनको ११:०० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

**-:: उपस्थिति ::-**

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | अनुपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रबहादुर खड्का | अनुपस्थित |
| १३ | का.वा. सदस्य (वडा नं. ११) | श्री प्रतापकुमार तामाङ | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | अनुपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | अनुपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | प्रशासकीय अधिकृत | श्री ध्रुवराज नेपाल | उपस्थित |

छलफलका विषयहरुः

१. नगर सभाको तेह्रौ अधिवेशनमा प्रस्तुत हुने प्रस्ताव सम्बन्धमा,

क) विषयगत समितिका प्रतिवेदन सम्बन्धमा,

ख) चालु आ.व. मा स्वीकृत योजनाहरु संसोधन सम्बन्धमा,

ग) चालु आ.व. को हालसम्म भएका योजना अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा,

घ) नगर सभाको कार्यसूची निर्धारण सम्बन्धमा ।

ङ) चालु आ.व. २०८०।०८१ को हालसम्म भएका प्रशासनिक, आर्थिक तथा न्यायिक निर्णय अनुमोदन सम्बन्धमा,

२. संघीय तथा प्रदेश समपुरक तथा विशेष अनुदानका लागि योजना सिफारिस गर्ने सम्बन्धमा,

३. आ.व. २०७९।०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र वित्तीय जोखिम मूल्याङ्कन(FRA) प्रयोजनमा प्रविष्ट विवरण स्वीकृत गर्ने सम्बन्धमा,

४. थप नगर प्रहरी करार सेवामा नियुक्तिका लागि संख्या निर्धारण सम्बन्धमा,

५. स्थानीय सेवा सञ्चालन ऐन, २०७९ बमोजिम कर्मचारीको स्तरोन्नती गर्ने सम्बन्धमा,

६. करार सेवामा रहेका कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा,

७. स्वीकृत नक्सा संसोधन गर्दा लाग्ने दस्तुर निर्धारण सम्बन्धमा,

८. दि मोर्डन एमिनिटी सप्लायर्स, बनेपाको इन्धनको बिल भुक्तानी सम्बन्धमा,

९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत लाभग्राही सूचीमा रहेका कामदार थप गर्ने सम्बन्धमा,

१०. योजना संसोधनका लागि आएका सिफारिस सम्बन्धमा,

११. गृहिणी महिलाहरुको क्षमता विकास कार्यक्रम सञ्चालनका लागि प्रदेशको सम्बन्धित मन्त्रालयमा प्रस्ताव पेश गर्ने सम्बन्धमा,

१२. नक्सा पास विशेष व्यवस्था कार्यविधि बमोजिम म्याद थप गर्ने सम्बन्धमा,

१३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको राय प्रतिक्रिया सहितको विवरण माग सम्बन्धमा,

१४. विविध ।

-::निर्णय::-

१. गत बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

२. बनेपा नगरपालिकाको सम्बन्धित विषयगत समितिको बैठकबाट निर्णय भई सिफारिस भई आएका तपसिल बमोजिमका विषयगत समितिको चालु आ.व. २०८०।०८१ को हालको मितिसम्म सम्पादित कार्यक्रमहरु समावेश भएको प्रतिवेदन अनुमोदनका लागि आगामी नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

| क्र.सं. | समितिको नाम | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १ | न्यायिक समिति | संयोजक श्री विमला सापकोटा | |
| २ | राजस्व परामर्श समिति | संयोजक श्री विमला सापकोटा | |
| ३ | बजेट तथा योजना तर्जुमा समिति | संयोजक श्री विमला सापकोटा | |
| ४ | संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह समिति | संयोजक श्री शुभलक्ष्मी मानन्धर | |
| ५ | आर्थिक विकास समिति | संयोजक श्री रमेश दाहाल | |
| ६ | सामाजिक विकास समिति | वडाध्यक्ष श्री रामबहादुर कुँवर | |
| ७ | विधायन समिति | संयोजक श्री बलराम अधिकारी | |

| क्र.सं. | समितिको नाम | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| ८ | वन, वातावरण तथा विपद् व्यवस्थापन समिति | वडाध्यक्ष श्री कमलप्रसाद घिमिरे | |
| ९ | पूर्वाधार विकास समिति | संयोजक श्री श्यामसुन्द श्रेष्ठ | |
| १० | लेखा समिति | संयोजक श्री हिटलर शाक्य | |
| ११ | योजना अनुगमन समिति | संयोजक श्री विमला सापकोटा | |

३. चालु आ.व. २०८०।०८१ को बजेट तथा कार्यक्रममा स्वीकृत भएका योजनाहरु मध्ये सम्बन्धित वडा समितिबाट सिफारिस भई आएका तपसिल बमोजिमका योजनाहरु संसोधन गर्ने निर्णय गरियो ।

| सि.नं. | साविक कार्यक्रम | वडा नं. | रकम | संशोधित कार्यक्रम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | महेन्द्र मा.वि.ट्रष्ट निर्माण | १३ | ४००००० | महेन्द्र मा.वि.शशु कक्षा संचालन तथा मर्मत संभार | १३ | ८००००० | |
| २ | महेन्द्र मा.वि.सि.सु कक्षा संचालन | १३ | ४००००० | | | | |
| ३ | सत्यसाइ हस्पिटलबाट भिमसेनथान जाने बाटो | ७ | १५००००० | वडा कार्यालय भवन देखि भिमसेटट मन्दिर सम्मको बाटो ढुंगा छाप्ने | ७ | १५००००० | |
| ४ | नारायण मन्दिर | ७ | २००००० | धनेश्वरी गेटको पर्खाल निर्माण | ७ | २००००० | |
| ५ | मुलडाडा प्रल्हाथुम्का पैयुखर्क खानेपानी योजना | ३ | ४००००० | पुछारघर खानेपानी तथा ट्रष्ट निर्माण | | ४००००० | |
| ६ | मुहान देखि देविथान सम्मको गोरेटो सिढि मर्मत ( प्र.म.रोजगारतर्फको) | ३ | | घट्ट दोयबास ड्रेन सफा गर्ने | ३ | | प्राविधिक इष्टिमेट अनुसार हुने |
| ७ | मिजार ल भाज्याङ पार्क निर्माण | १० | ५००००० | थापा गाउँ हरियाली पार्क निर्माण | १० | १५००००० | |
| ८ | बाहुन डाडा हरियाली पार्क निर्माण | १० | ५००००० | | | | |
| ९ | थापागाउ हरियाली पार्क निर्माण | १० | ५००००० | | | | |
| १० | बाल कुमारी कुवा धारा निर्माण | ११ | २००००० | बाल कुमारी कुवा धारा निर्माण वडा १० | १० | २००००० | |
| ११ | ख गुठिको जग्गामा ट्रष्ट निर्माण | ८ | १०००००० | ख गुठिको भवन निर्माण | ८ | १०००००० | |
| १२ | लायकु ध्वाखा निर्माण | ८ | १०००००० | लायकु ध्वाखा निर्माण | ८ | ५००००० | |
| | | | | कोलाँ गणेश मन्दिर निर्माण | ८ | ५००००० | |
| १३ | पार्क निर्माण कार्य | ८ | ७५०००० | पुरानो बजारको महादेव निर्माण | ८ | ७५०००० | |
| १४ | असंफ देखि गुम्बा सम्म ढुंगा छाप्ने | ८ | ५००००० | असँफ फल्चा निर्माण | ८ | ५००००० | |
| १५ | शिक्षा सदन मा.वि. ट्रस निर्माण | ८ | ५००००० | शिक्षा सदन मा.वि. भवन मर्मत | ८ | ५००००० | |
| १६ | चैतन्य मा.वि. ट्रस निर्माण | ८ | ५००००० | चैतन्य मा.वि.भवन मर्मत | ८ | ५००००० | |
| १७ | विधासागर पुल देखि थानघाट जाने बाटोको सडक पेटी निर्माण | ८ | ५००००० | विधासागर पुल देखि थानघाट जाने बाटोको सडक पेटी निर्माण | ८ | १५००००० | ५००००० |
| १८ | सि.सि. क्यामेरा जडान कार्य | ८ | २०००००० | सि.सि. क्यामेरा जडान कार्य वडा ८ | ८ | | १०००००० |
| | | | | | ८ | १०००००० | |
| १९ | थाँचु घाट सुधार(दछु टोल घाट) | १० | १०००००० | थाँचु घाट सुधार(दछु टोल घाट) | ८,९ र१० | १०००००० | |
| २० | झाक्रभिर मुख्यटोल खानेपानी योजना | २ | ३००००० | नयाँ बारी खानेपानी योजना | २ | ३००००० | |
| २१ | क्रियापुत्री घर परियारटोल | ४ | ४००००० | वडा कार्यालय भवन निर्माण | ४ | ४५०००० | |

| सि.नं. | साविक कार्यक्रम | वडा नं. | रकम | संशोधित कार्यक्रम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २२ | गणेश मन्दिर शेरा | ४ | ४००००० | चिसापानी क्रियापुत्री ट्रस निर्माण | ४ | २५०००० | |
| | | | | मशेश्वरी मन्दिर परिसर | ४ | १००००० | |
| २३ | गोसाइथान चण्डेश्वरी जंगल ढुंगा मुर्ति पार्क निर्माण | ६ | १०००००० | एकिकृत खानेपानी योजना | ६ | १०००००० | |
| २४ | कायस्थ बैंकिट अगाडी खानेपानी व्यबस्थापन | ५ | २००००० | कायस्थ बैंकिट वरिपरिको बाटो स्तरोन्नती | ५ | २००००० | |
| २५ | भालु टटाचा बाटोमा वाल निर्माण(माधव नारायण जोशीको घर अगाडीको बाटो ) | १४ | २००००० | सतल निर्माण साँगा बजार | १४ | ६००००० | |
| २६ | सतल निर्माण साँगा बजार | १४ | ४००००० | | | | |
| २७ | घाटबाट राजकुमार देउजाको घरसम्म जाने बाटो ढलान | १४ | ३००००० | सेती देवि मार्ग | १४ | ३००००० | |
| २८ | डिपडोल तामाङ बस्ती जाने बाटो ढलान | १४ | ७००००० | डिपडोल तामाङ बस्ती जने बाटोमा वाल निर्माण | १४ | ७००००० | |
| २९ | बनेपा वडा कार्यालयदेखि धनेश्वर मन्दिरसम्म बाटो ढलान | ११ | १८००००० | वडा कार्यालय पाकुडेल मोटर बाटो ढलान | ११ | ८००००० | |
| | | | | पाकुडोल सुरेश थापाको घरमुनी पर्खाल निर्माण | ११ | १०००००० | |
| ३० | माथिल्लो डाँडादेखि भुतेढुंगा सम्म ढलान | ११ | १०००००० | पाकुडोल देखि वडा कार्यालय सडक निर्माण | ११ | १०००००० | |
| ३१ | वडा नं १३ र १४ सिमाना भित्रि बाटो | १३ | २००००० | बासुकी विष्ट टोलमा पर्खाल निर्माण | १३ | २००००० | |
| ३२ | साँगा हाइवे टोल ट्याङ्की तथा पाइप लाइन मर्मत | १३ | २००००० | साँगा अरनिको राजमार्ग पाइप लाइन विस्तार | १३ | २००००० | |
| ३३ | राहुल डाँडा सडक स्तरोन्नती | १३ | २०००००० | राहुल डाँडा सडक स्तरोन्नती | १३ | २०००००० | |
| ३४ | लायकु ध्वाखा निर्माण | ९ | १०००००० | लायकु ध्वाखा निर्माण | ९ | ५००००० | |
| | | | | स्वास्थ्यको लागि व्यायाम सामाग्री खरिद | ९ | ३००००० | |
| | | | | खेलकुद सामाग्री खरिद | ९ | २००००० | |
| ३५ | शाही टोल कुवा निर्माण | ९ | ४००००० | शाही टोल कुवा निर्माण | ९ | २००००० | |
| ३६ | आदर्श टोल कुवा तथा ट्याङ्की निर्माण | ९ | २००००० | आदर्श टोल कुवा तथा ट्याङ्की निर्माण | ९ | ४००००० | |

४. बनेपा नगरपालिकाको नगर सभाको तेह्रौ अधिवेशनका लागि देहाय बमोजिमको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

नगर सभाको तेह्रौ अधिवेशन
२०८० पौष २९
कार्यसूची

| कार्यक्रम | | |
|---|---|---|
| सभाका सदस्यहरुको आगमन र जलपान | अनुमानित समय | कैफियत |
| १. सभाका सदस्यहरु सभा कक्षमा प्रवेश तथा उपस्थिति | ८:००–८:४५ | |
| २. नगर सभाका अध्यक्ष एवं बनेपा नगरपालिकाका प्रमुखज्युको सभामा आगमन | ९:०० | |

| कार्यक्रम | अनुमानित समय | कैफियत |
|---|---|---|
| ३. सभाध्यक्षबाट आशन ग्रहण र राष्ट्रिय गान तथा नगर गान प्रस्तुती | ९:००-९:१० | |
| ४. नगर सभाका अध्यक्षबाट पानसमा दीप प्रज्वलन गरी सभाको शुभारम्भ | ९:१०-९:१५ | |
| ५. नगर सभाका अध्यक्षको अनुमतिले संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह समितिका संयोजक श्री शुभलक्ष्मी मानन्धरबाट सभाको आचारसंहिता प्रस्तुत | ९:१५-९:३० | |
| ६. सभाध्यक्ष बाट सभा सुभारम्भ मन्तव्यः | ९:३०-१०:०० | |
| ७. सभाध्यक्षबाट बनेपा नगरपालिकाका उपप्रमुखलाई न्यायिक समितिको प्रतिवेदन प्रस्तुतिका लागि समय प्रदान | १०:००-१०:१५ | |
| ८. सभाध्यक्षबाट बनेपा नगरपालिकाका उपप्रमुखलाई राजस्व परामर्श समितिको प्रतिवेदन प्रस्तुतिका लागि समय प्रदान | १०:१५-१०:३० | |
| ९. सभाध्यक्षबाट बनेपा नगरपालिकाका उपप्रमुखलाई बजेट तथा योजना तर्जुमा समितिको प्रतिवेदन प्रस्तुतिका लागि समय प्रदान | १०:३०-१०:४० | |
| १०. सभाध्यक्षबाट बनेपा नगरपालिकाको संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह समितिका संयोजक श्री शुभलक्ष्मी मानन्धरलाई समितिको प्रतिवेदन प्रस्तुतिका लागि समय प्रदान | १०:४०-११:०० | |
| दिवा खानाका लागि सभाको कार्यक्रम स्थगित | ११:००-१२:०० | |
| ११. सभाध्यक्षबाट बनेपा नगरपालिकाको आर्थिक विकास समितिका संयोजक श्री रमेश दाहाललाई समितिको प्रतिवेदन प्रस्तुतिका लागि समय प्रदान | १२:००-१२:२० | |
| १२. सभाध्यक्षबाट बनेपा नगरपालिकाको सामाजिक विकास समितिको प्रतिवेदन प्रस्तुतिका लागि श्री रामबहादुर कुँवरलाई समय प्रदान | १२:२०-१२:४० | |
| १३. सभाध्यक्षबाट बनेपा नगरपालिकाको विधायन समितिका संयोजक श्री बलराम अधिकारीलाई समितिको प्रतिवेदन प्रस्तुतिका लागि समय प्रदान | १२:४०-१२:५५ | |
| १४. सभाध्यक्षबाट बनेपा नगरपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन प्रस्तुतिका लागि श्री कमल प्रसाद घिमिरेलाई समय प्रदान | १२:५५-१३:२० | |
| १२. सभाध्यक्षबाट बनेपा नगरपालिकाको पूर्वाधार विकास समितिका संयोजक श्री श्यामसुन्द श्रेष्ठलाई समितिको प्रतिवेदन प्रस्तुतिका लागि समय प्रदान | १३:२०-१३:५० | |
| १३. सभाध्यक्षबाट बनेपा नगरपालिकाको लेखा समितिका संयोजक श्री हिटलर शाक्यलाई समितिको प्रतिवेदन प्रस्तुतिका लागि समय प्रदान | १३:५०-१४:१० | |
| १४. सभाध्यक्षबाट बनेपा नगरपालिकाका विभिन्न समितिका संयोजकबाट प्रस्तुत भएका प्रतिवेदन उपर छलफल प्रारम्भका लागि नाम टिपाउन समय प्रदान | १४:१०-१४:१५ | |
| १५. सभाध्यक्षबाट छलफलका लागि नाम टिपाउनु हुने सभाका सदस्यहरुलाई आफ्नो धारणा राख्ने समय प्रदान | १४:१५-१५:०० | |
| १६. सभाका सदस्यज्यूहरुबाट राखिएका धारणाहरु उपर जवाफ दिन सभाध्यक्षज्यूबाट समय प्रदान र सभाध्यक्षबाट जवाफ | १५:००-१५:३० | |
| १७. सभाध्यक्षबाट बनेपा नगरपालिकाका उपप्रमुखलाई सभालाई सम्बोधन गर्न समय प्रदान | १५:३०-१५:४५ | |
| सभाध्यक्षबाट धन्यवाद सहित तेह्रौं अधिवेशन अन्तको घोषणा | १५:४५ बाट | |
| सन्ध्याकालिन खाना | | |

५. बनेपा नगरपालिकाबाट चालु आ.व. २०८०।०८१ को हालको मितिसम्म भएका प्रशासनिक, आर्थिक तथा न्यायिक निर्णयहरु अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

६. आ.व. २०७९।०८० मा यस नगरपालिकाबाट सम्पादित भएका क्रियाकलापहरुको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम प्रारम्भिक रुपमा प्रविष्ट भएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन तर्फ ९२.५ अंक र वित्तीय सुशासन जोखिम मूल्याङ्कन तर्फ ७९ अंक दाबी गरिएको विवरण अनुमोदनका लागि आगामी नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

७. बनेपा नगरपालिकाको नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० बमोजिम यस नगरपालिकाका लागि देहाय बमोजिमको पद र संख्यामा नगर प्रहरी सेवा करारमा नियुक्तिका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

| क्र.सं. | पद | संख्या | छनौट क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | प्रहरी सहायक निरीक्षक (असई) | १ (एक) | खुला | |
| २ | प्रहरी जवान | ५ (पाँच) | खुला | |
| ३ | प्रहरी जवान | २ (दुई) | महिला | |
| ४ | प्रहरी जवान | १ (एक) | जनजाती | |
| ५ | प्रहरी जवान | १ (एक) | दलित | |

८. बनेपा नगरपालिका, नगर कार्यपालिकाकको कार्यालयमा करार सेवामा रहेका कर्मचारीहरुले भरेको कार्यसम्पादन मूल्याङ्कन फारममा उल्लेखित कार्यसम्पादन स्तर समेतका आधारमा मिति २०८० साल माघ १ देखि देखि मिति २०८१ साल असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

९. बनेपा नगरपालिकाबाट भवन निर्माणका लागि निर्माण स्वीकृति/नक्सा पास गराएका व्यक्तिले स्वीकृत नक्सामा संसोधनका लागि पटक पटक निवेदन गर्ने र सो उपर कार्वाही गरिरहनु पर्ने भएकाले त्यसरी नक्सा संसोधनका लागि निवेदन गरी संसोधन हुने भएमा प्रति पटक अन्य दस्तुरका अलावा नक्सा पास गर्दा लाग्ने दस्तुरको दश प्रतिशत रकम नक्सा संसोधन दस्तुर स्वीकृतिका लागि आगामी नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

१०. दि मोर्डन एमिनिटी सप्लायर्स, बनेपाको मिति २०८०।९।२५ को पत्रबाट साविकमा आपूर्ति भएको इन्धनको भुक्तानी हुन बाँकी रकम रु. २,६८,४००। भुक्तानीका लागि माग निवेदन गरेको सम्बन्धमा छलफल हुँदा यस कार्यालयको मिति २०८०।२।१० च.नं. ३६८४ को पत्रबाट १००० लिटर र मिति २०८०।२।२५ च.नं. ३९०३ को पत्रबाट १००० लिटर डिजल बाँसडोल सडक निर्माण कार्यको ठेक्का पाएको निर्माण व्यवसायी श्री आत्रेय/शिवाको/बस्नेत जे.भी. ले पाउने रकमबाट भुक्तानी हुने गरी उपलब्ध गराई दिन भनि भएको अनुरोध बमोजिम उक्त सप्लायर्सबाट इन्धन आपूर्ति भएकाले हाललाई नगरपालिकाकै तर्फबाट उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

११. बागमती प्रदेश सामाजिक विकास मन्त्रालय वाट मिति २०८०।०९।१३ मा प्रकाशित गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वियन गर्न प्रस्ताव माग गरिएको सूचना उपर छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) यस नगरपालिकाका लागि गृहिणी महिला सशक्तीकरण कार्यक्रम माग गर्ने ।

(ख) उक्त कार्यक्रम संचालनका लागि लाग्ने कुल रकमको ३० प्रतिशत यस नगरपालिकाले व्यहोर्ने ।

(ग) गृहिणी महिला कार्यक्रमका लक्षित समूहमा दलित महिला,जनजाति महिला र एकल महिलालाई समावेश गर्ने ।

(घ) कार्यक्रमको फोकल पर्सन महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले गर्ने ।

१२. बनेपा नगरपालिका अन्तर्गत चालु आ.व. २०८०।०८१ मा प्रधान मन्त्री रोजगार कार्यक्रम अन्तर्गका काममा संलग्न हुन छनौट भएका लाभग्राहीहरु मध्ये सूचिकृत १६ जना लाभग्राही तोकिएको वडामा सम्पर्क राख्न नआएकाले मौजुदा सूचिबाट तपसिल बमोजिमका लाभग्राही थप गरी काममा लगाउने निर्णय गरियो ।

| क्र.सं. | लाभग्राहीको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | श्री रचना महर्जन | ८ | |
| २ | श्री गौतम मानन्धर | ८ | |
| ३ | श्री शारदा मैया मानन्धर | ८ | |
| ४ | श्री चमेली मानन्धर | ८ | |

| क्र.सं. | लाभग्राहीको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| ५ | श्री सविता मानन्धर | ८ | |
| ६ | श्री सावित्री मानन्धर | ८ | |
| ७ | श्री अनुप मानन्धर | ८ | |
| ८ | श्री विना मानन्धर | ८ | |
| ९ | श्री गोमा थापा मगर | १४ | |
| १० | श्री भवानी थापा मगर | १४ | |
| ११ | श्री कृष्णमाया थापा मगर | १४ | |
| १२ | श्री जीवन थापा मगर | १४ | |
| १३ | श्री राममाया भुजेल | १४ | |
| १४ | श्री सीता थापा मगर | १४ | |
| १५ | श्री राधा थापा मगर | १४ | |
| १६ | श्री तारा रानामगर | १४ | |

१३. बनेपा नगरपालिका वडा नं. ६ को मिति २०८०।९।२२ च.नं. ७६६ को पत्रबाट अनुरोध भई आए बमोजिम चालु आ.व. २०८०।०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गोशाईस्थान रिचार्ज पोखरी निर्माण योजनालाई समावेश गर्ने निर्णय गरियो ।

१४. बनेपा नगरपालिकाको नक्सा पास (विशेष व्यवस्था) सम्बन्धी कार्यविधि, २०७५ को दफा ११ को उपदफा (१) मा रहेको दुई पटक भन्ने शब्द संसोधन गरी तीन पटक कायम गरी सोही अनुसार उक्त कार्यविधि बमोजिमको सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

१५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०।९।८ च.नं. ३२०९१ को राय प्रतिक्रिया सहित विवरण तथा सान्दर्भिक कागजात उपलब्ध गराई दिने विषयको पत्र उपर व्यापक छलफल भयो । प्रस्तुत सम्बन्धमा काभ्रे उपत्यका एकीकृत खानेपानी बोर्ड अन्तर्गतको प्रणालीबाट बनेपामा पानी वितरण गर्नुपर्नाका देहाय बमोजिमका कारण सहित आवश्यक कागजात संलग्न गरी आयोगले मागेका विवरण उपलब्ध गराउने निर्णय गरियो ।

(क) विशेषत तत्कालिन बनेपा नगरपालिका क्षेत्रभित्रको खानीपानी समस्या समाधान गर्न यस क्षेत्रका बनेपा, धुलिखेल र पनौती नगरपालिकाका लागि खानेपानी आपूर्ति गर्ने उद्देश्यले रोशी खोला समेतको मुहानबाट पानी आपूर्ति हुने गरी उक्त प्रणालीको डिजाईन भई निर्माण व्यवसायी Ningbo Ningshing International Inc. China सँग डिसेम्बर १२,२०१२ मा भएको संझौता बमोजिम उक्त आयोजनाको निर्माण कार्य भएको भएता पनि पछिल्लो अवस्थामा निर्माण व्यवसायीबाट आयोजनाको कार्य पुरा नगरी छाडेका कारण पानी आपूर्तिका लागि पाईप विछ्याई सकिएर पनि पानीको आपूर्ति हुन नसकेको अवस्था छ ।

(ख) बनेपा नगरपालिका क्षेत्रभित्रको बढ्दो जनसंख्याका लागि पिउने पानीको आपूर्ति गर्ने थप श्रोतहरु नरहेका कारण पानीको हाहाकार हुने गरेका कारण पानी आपूर्ति गरिदिन स्थानीय नगरबासीको तारन्तार दबाब आउने गरेको छ ।

(ग) हाल जडित प्रणालीलाई नै सामान्य मर्मत सम्भार गरेमा उक्त प्रणालीबाट थोरै मात्रामा भए पनि पानी आपूर्ति गर्न सकिने सम्भावना तर्फ दृष्टिगत गरी बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०।६।९ को बैठकबाट भएको निर्णय समेतका आधारमा उक्त प्रणालीबाट बनेपा नगर क्षेत्रभित्र पानी आपूर्तिका लागि आवश्यक काम भएको छ ।

(घ) नगरपालिका स्वयमले आफ्नै स्रोत साधनबाट न्युनतम खर्च गरी पानी आपूर्तिको प्रबन्ध मिलाई काम गरेर हाल बनेपा नगरपालिका क्षेत्रभित्रको उक्त प्रणालीमा जडित पाइपलाइनबाट पानी आपूर्ति गरी नगरको घना आवादी क्षेत्रमा पानी वितरण प्रारम्भ भई सकेको छ ।

(घ) बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०।७।१ मा भएको निर्णयानुसार उक्त मितिसम्म सो प्रयोजनमा भएको खर्च रकम रु.७,०४,५७५। भुक्तानी दिने निर्णय भए अनुसार भुक्तानी गरिएको छ ।

(ङ) तत्काल पानी आपूर्तिको प्रबन्ध मिलाउन आवश्यक कामदार परिचालन गरी आवश्यकता अनुसार नगरपालिकाकै जेसिभीबाट मर्मत गरिनु पर्ने स्थानमा खन्ने पुर्ने सम्मका काम भएको हो ।

(च) बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०।८।२९ मा बसेको बैठकले खानेपानी व्यवस्थापन शीर्षकमा रहेको रकम मध्येबाट एकीकृत खानेपानी व्यवस्थापन शीर्षकमा रु. ५८,००,०००। छुट्याई उक्त कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईएको छ ।

१६. बनेपा नगरपालिका वडा नं. ११ को मिति २०८०।९।१७ को पत्रबाट सिफारिस भई आए बमोजिम उक्त वडा अन्तर्गतका तपसिल बमोजिमका योजनाहरु संसोधन गरी भुक्तानी दिन बाँकी शीर्षकबाट उक्त योजनाहरुको भुक्तानी दिने ।

| क्र.सं. | साविक योजना | | संसोधित योजना | |
|---|---|---|---|---|
| | नाम | रकम | नाम | रकम |
| १ | बनेपा वडा कार्यालय देखि धनेश्वर मन्दिरसम्म बाटो ढलान | १८,००,०००। | वडा कार्यालय पाकुडोल मोटरबाटो ढलान | ८,००,०००। |
| | | | पाकुडोल सुरेश थापाको घर मुनी पर्खाल निर्माण | १०,००,०००। |
| २ | माथिल्लो डाँडादेखि भुते ढुङ्गासम्म ढलान | १०,००,०००। | पाकुडोल देखि वडा कार्यालय सडक निर्माण | १०,००,०००। |

१७. मेयर कप फुटबल प्रतियोगिता आयोजना गर्ने यस अगाडिको परम्परा बमोजिम अघिल्लो वर्षको विजयी बनेपा नगरपालिका वडा नं. ८ ले यस वर्षको प्रतियोगिता आयोजनाको व्यवस्थापन गर्ने निर्णय गरियो ।

१८. यस नगरपालिकाका जनप्रतिनिधिज्यूहरुको मैत्रीपूर्ण भ्रमणका आमन्त्रण गरी भ्रमण कार्य समेत सम्पन्न भएको सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी थाङपाल गाउँपालिकाका जनप्रतिनिधि सहितको प्रतिनिधि मण्डलबाट बनेपा नगरपालिकाको भ्रमणका लागि यस नगरपालिकाबाट भएको आग्रह बमोजिम मिति २०८०।१०।५ गतेबाट हुने भ्रमणका लागि आवश्यक प्रबन्ध मिलाउने निर्णय गरियो ।

१९. बनेपा नगरपालिका वडा नं. १३ निवासी गोकुल बुढाथोकीको घर गोठ आगलागी भएकाले सहयोग माग गरी दिएको निवेदन उपर छलफल हुँदा निजलाई रु. १०,०००। सहयोग गर्ने निर्णय गरियो ।

२०. बनेपा नगरपालिकाका उपप्रमुख श्री विमला सापकोटाका श्रीमान श्री हरिशरण दाहल र बनेपा नगरपालिका वडा नं. १० का वडाध्यक्षको स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत